# एन्साबको अध्यक्षमा सिंह

काठमाडौं, (नेस)

दक्षिण एसियामा गरिबी न्यूनीकरणका लागि जीवनोपार्जनमा सुधार एवम् दिगो सामुदायिक विकासमा जोड दिनुपर्ने सम्बद्ध व्यक्तिहरूको धारणा रहेको छ ।

दिगो कृषि तथा जैविक स्रोतका लागि एसियाली नेटवर्क (एन्साब) को हालै सम्पन्न वार्षिक बैठकका सहभागीहरूले सो धारणा राखेका हुन् ।

गत चैत २४ देखि २६ गतेसम्म चितवनको सौराहामा सम्पन्न सो बैठकमा सहभागीहरूले जैविक विविधता संरक्षण तथा दिगो सामुदायिक विकास गर्न प्रतिबद्धता जनाउनुपर्ने तथा जीवकोपार्जनमा सुधार गर्नुपर्ने जोड दिएका थिए ।

सो बैठकले डा. सुरेन्द्रप्रसाद सिंहलाई अध्यक्षमा, डा. ज्याक काउचरलाई उपाध्यक्षमा, डा. एचपी एम गुनसेनालाई सचिवमा, कोपाध्यक्षमा डा. केदारप्रसाद प्रजापति तथा अन्य सदस्यहरूमा डा. मोहम्मद गुल हुसेन, शोभेला रिबेरियो, रामचन्द्र अग्रहरि र भीष्मप्रसाद सवेदी चयन गरिएको छ ।

NEPAL SAMACHARPATRA
10 April 2003 (Thursday)